# आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९

नेपाल सरकार

अर्थ मन्त्रालय

## महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाडौं

मानननीय अर्थमन्त्री बाट
मिति २०७९/०२/०५ मा स्वीकृत

# मन्तव्य

आन्तरिक लेखापरीक्षण वित्तीय अनुशासन कायम राख्ने महत्त्वपूर्ण औजार हो । यसले कार्यसम्पादनको सन्दर्भमा हुन सक्ने सम्भावित जोखिमहरूको पहिचान गर्दै आर्थिक कारोबारको शुद्धता, कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणाली र समग्र व्यवस्थापकीय पक्षको प्रभावकारिताको परीक्षण गर्दछ । आन्तरिक लेखापरीक्षण जति स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन सकियो त्यति नै कार्यसम्पादनमा वैधता, विश्वसनीयता तथा गुणस्तरीयता कायम भई वित्तीय अनुशासन कायम हुन जान्छ । यसका लागि कार्यविधिगत कानुनको तर्जुमा र सोको पालना, लेखापरीक्षण मानदण्डहरूको निर्धारण, लेखापरीक्षकहरूको क्षमता विकास तथा आचारसंहिताको तर्जुमा र सोको पालना पुर्वशर्त हुन । यस्ता पुर्वशर्तहरूलाई दृष्टिगत गर्दै महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, निर्देशिका तथा हाते पुस्तिकाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुको साथै लेखापरीक्षकहरूको निरन्तर क्षमता विकासका कार्यहरू सम्पादन गर्दै आएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा तत्सम्बन्धी नियमावलीमा आन्तरिक लेखापरीक्षकहरूले लेखापरीक्षण गर्दा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता तथा सक्षमता जस्ता आचरणहरूको पालना गर्नुपर्ने व्यवस्था गर्नुको साथै आचारसंहिताको तर्जुमा गर्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ । कानुनले प्रदान गरेको उक्त जिम्मेवारीलाई निर्वाह गर्दै लेखापरीक्षण कार्यलाई नैतिकता, इमानदारिता, सदाचारिता र व्यावसायिकताको कसीबाट सम्पादन गर्ने हेतुले "**आन्तरिक लेखापरीक्षकहरूको आचारसंहिता, २०७९**" तर्जुमा गरिएको छ । यस आचारसंहिताको कार्यान्वयनबाट लेखापरीक्षकहरूलाई व्यावसायिक रूपमा सक्षम, नैतिकवान् र उत्तरदायी बनाई लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउने विश्वास लिएको छु । यो आचारसंहिता तर्जुमाको सन्दर्भमा संलग्न सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सुमनराज अर्याल
महालेखा नियन्त्रक

# आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९

**प्रस्तावनाः**

आन्तरिक लेखापरीक्षण कार्यमा खटिने कर्मचारीको आचरणलाई निष्पक्ष, मर्यादित, अनुशासित र सदाचारी बनाई लेखापरीक्षण कार्यलाई स्वतन्त्र, वस्तुनिष्ठ, व्यावसायिक एवम् प्रभावकारी बनाउन आवश्यक भएकोले, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ (११) ले दिएको अधिकार प्रयोग गरी महालेखा नियन्त्रक कार्यालयले यो आचारसंहिता बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम "आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९" रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "आचारसंहिता" भन्नाले आन्तरिक लेखापरीक्षकले पालना गर्नुपर्ने "आन्तरिक लेखापरीक्षकको आचारसंहिता, २०७९" लाई जनाउँछ ।

(ख) "आन्तरिक लेखापरीक्षक" भन्नाले सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका कार्यसम्पादनसँग सम्वन्धित कानून, व्यवस्थापकिय अभ्यास, लेखा तथा अन्य कारोबार र सोसँग सम्वन्धित कागजात एवम् प्रक्रियाको जाँच, परीक्षण र विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मुल्याङ्कन गरी प्रतिवेदन गर्न महालेखा नियन्त्रक कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खटिएका लेखापरीक्षक सम्झनुपर्छ र सो शब्दले लेखापरीक्षणको लागि महालेखा नियन्त्रक कार्यालयबाट तोकिएका विज्ञ समेतलाई जनाउनेछ।

(ग) "कोष प्रमुख" भन्नाले कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुखलाई सम्झनुपर्दछ।

(घ) "गोपनीयता" भन्नाले लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा आफ्नो जानकारीमा आएको कुनै सूचना वा तथ्यहरूको गोपनीयता कायम राख्ने तथा संरक्षण गर्ने कार्यलाई सम्झनुपर्दछ ।

(ङ) "वस्तुनिष्ठता" भन्नाले वैयक्तिक अनुभूति, विचार, आग्रह, पूर्वाग्रहबाट प्रभावित नभई, स्वार्थ नबाझिने गरी प्रमाणित गर्न सकिने तथ्यहरूको आधारमा कार्यसम्पादन गरिने आचरणगत मूल्यलाई सम्झनुपर्दछ ।

(च) “व्यावसायिक आचरण” भन्नाले आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको क्रममा लेखापरीक्षण कार्यलाई सम्मान गर्दै प्रचलित कानूनको पालना गर्नुपर्ने कार्यलाई सम्झनुपर्दछ ।

(छ) “सदाचारिता” भन्नाले बाहिरी प्रभाव वा दबाबबाट विचलित नभई प्रचलित कानून, व्यावसायिक तथा सामाजिक मूल्यको पालनामा इमानदारितासाथ अडिग रहने कार्यलाई सम्झनुपर्दछ ।

(ज) “सक्षमता” भन्नाले लेखापरीक्षण कार्यका लागि आवश्यक पर्ने ज्ञान, सीप, क्षमता र अनुभव भएको अवस्थालाई सम्झनुपर्दछ ।

(झ) “स्वतन्त्रता” भन्नाले लेखापरीक्षण गर्ने सन्दर्भमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै दबाब वा प्रभावमा नपरी व्यावसायिक जिम्मेवारी पूरा गर्न सक्ने अवस्थाको व्यक्तिगत एवम् सांगठनिक स्वतन्त्रतालाई सम्झनुपर्दछ ।

**३. आचारसंहिता पालना गर्नुपर्नेः** (१) यो आचारसंहिताको पालना आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न हुने सबै आन्तरिक लेखापरीक्षकले गर्नुपर्नेछ ।

(२) यो आचारसंहिताको पालना गर्ने र आन्तरिक लेखापरीक्षकलाई पालना गर्न लगाउने जिम्मेवारी कोष प्रमुखको हुनेछ ।

# परिच्छेद-२

## आन्तरिक लेखापरीक्षकको आचारसंहिता

४. **आन्तरिक लेखापरीक्षकले पालना गर्नुपर्ने आचरणहरू:** आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा देहाय अनुसारका आचरणहरुको पालना गर्नुपर्नेछ ।

**(क) सदाचारिता**

१. आन्तरिक लेखापरीक्षण पेशाप्रति इमान्दार भई स्वार्थगत विचारबाट मुक्त भएर सार्वजनिक हितमा हुने गरी पेशागत विश्वसनीयता कायम गर्नुपर्दछ ।

२. सार्वजनिक हितलाई ध्यान दिएर लेखापरीक्षण कार्यप्रति निष्ठा प्रकट गर्नुपर्दछ ।

३. आन्तरिक लेखापरीक्षक जानीबुझी कुनै गैरकानुनी क्रियाकलापमा संलग्न हुन नहुने र आन्तरिक लेखापरीक्षण गर्ने निकायको अहित हुने कुनै पनि काममा संलग्न हुनुहुँदैन ।

४. अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर स्वदेश तथा वैदेशिक भ्रमण, तालिम, कार्यशाला वा गोष्ठीमा भाग लिन जान कुनै पनि निकायसँग सहयोग माग्ने तथा सो प्रयोजनसहित पत्राचार गर्नुहुँदैन ।

५. आन्तरिक लेखापरीक्षण गर्ने निकाय वा उक्त निकायमा कार्यरत कुनै पदाधिकारी तथा कर्मचारीबाट कुनै पनि किसिमको उपहार, दान, दातव्य र गैरकानुनी लाभ लिनु हुँदैन।

६. अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर आफूले लेखापरीक्षण गर्ने कार्यालयका पदाधिकारी तथा कर्मचारीहरुसँग आफ्नो कार्यको सिलसिलामा कार्यस्थलभन्दा बाहिर भेटघाट गर्नुहुँदैन ।

७. आफूले लेखापरीक्षण गर्ने कार्यालयको कामसँग सम्बन्धित विषयको प्रतिनिधि वा एजेन्ट भई कार्य गर्न र सो निकायसँग ठेक्कापट्टा, लाइसेन्स लिने जस्ता कार्यमा संलग्न हुनुहुँदैन ।

**(ख) वस्तुनिष्ठता**

१. आन्तरिक लेखापरीक्षणको प्रतिवेदन तयार गर्दा वा प्रतिवेदनमा कुनै कैफियत वा बेरुजू उल्लेख गर्दा वस्तुनिष्ठ र तथ्यगत आधारमा कारण र औचित्य समेत खुलाउनु पर्दछ ।

२. निष्पक्ष मूल्याङ्कनमा ह्रास आउने वा आउन सक्ने अवस्था सिर्जना गर्ने कुनै पनि गतिविधि वा कार्यमा संलग्न हुनुहुँदैन ।

३. लेखापरीक्षणको प्रतिवेदन दिने कार्यमा प्रतिकूल असर पार्न सक्ने आन्तरिक र बाह्य दबाबबाट मुक्त रहनुपर्छ ।

४. आन्तरिक लेखापरीक्षण गरिने निकायलाई कुनै सल्लाह वा सुझाव दिँदा स्वार्थ नबाझिने गरी दिनुपर्दछ ।

**(ग) गोपनीयता**

१. आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुदैन तर प्रचलित कानूनले तोकेबमोजिम खुलासा गर्नुपर्ने विषय खुलासा गर्न बाधा पर्नेछैन ।

२. आफ्नो कर्तव्यपालनाको सिलसिलामा प्राप्त गरेको वा जानकारीमा आएको सूचनाको सावधानीपूर्वक प्रयोग गर्ने र त्यस्ता सूचनाको संरक्षण समेत गर्नुपर्नेछ ।

३. कानून विपरीत र सङ्गठनको वैधानिक एवम् नैतिक उद्देश्यलाई हानि पुऱ्याउने गरी व्यक्तिगत फाईदा एवम् अन्य प्रयोजनका लागि सूचनाको प्रयोग गर्नुहुँदैन ।

४. आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा आफ्नो जानकारीमा आएका कुनै कुरा स्पष्ट रूपमा समावेश नगर्दा प्रतिवेदनले यथार्थ चित्रण गर्न सक्ने अवस्था नरहेमा उक्त विषयहरूलाई स्पष्ट रूपमा प्रतिवेदनमा खुलाउनु पर्दछ ।

**(घ) सक्षमता**

१. आफ्नो पेशागत दक्षता, सेवाको प्रभावकारिता र गुणस्तरलाई निरन्तर अभिवृद्धि गर्न प्रयत्नशील रहनु पर्दछ ।

२. बजेट, लेखा, लेखापरीक्षणका प्रचलित कानून, मानदण्ड, नीति, कार्यविधि तथा आन्तरिक नियन्त्रण प्रणालीबारे आन्तरिक लेखापरीक्षक अद्यावधिक हुनुपर्दछ ।

३. आन्तरिक लेखापरीक्षकले आन्तरिक लेखापरीक्षण गरिने निकायको कार्यसम्पादनसँग सम्बन्धित कानुनी व्यवस्था, सिद्धान्त तथा मानदण्डहरूको ज्ञान हासिल गरेको हुनुपर्दछ ।

४. आन्तरिक लेखापरीक्षण कार्य कुशलतापूर्वक सम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, कुशलता र व्यक्तिगत गुण समय सापेक्ष र अद्यावधिक रुपमा कायम राख्न कोष

प्रमुख तथा आन्तरिक लेखापरीक्षकबीच एक आपसमा अनुभवको आदान प्रदान गर्नुपर्दछ ।

५. लेखापरीक्षणमा प्रमाणको सङ्कलन, विश्लेषण, मूल्याङ्कन तथा लेखापरीक्षण राय सहितको प्रतिवेदन दिँदा पेशागत सतर्कता अपनाउनुपर्दछ ।

**(ङ) स्वतन्त्रता**

१. आन्तरिक लेखापरीक्षण गरिने निकाय र सोसँग चासो राख्ने बाह्य समूहबाट आन्तरिक लेखापरीक्षक स्वतन्त्र रही वस्तुपरक ढङ्गले प्रस्तुत हुनुपर्दछ ।

२. आन्तरिक लेखापरीक्षकले कार्यसम्पादन गर्दा सरोकारवालाको दृष्टिमा निष्पक्ष भएको देखिने गरी गर्नुपर्दछ । साथै उसले सम्पादन गरेका हरेक कार्यका नतिजाहरू यथेष्ट तथा उचित प्रमाणबाट पुष्टी हुनुपर्दछ ।

३. आन्तरिक लेखापरीक्षक आफनो स्वतन्त्रतामाथि प्रश्न खडा हुन सक्ने अवस्थाको सिर्जना हुन नदिने तर्फ सचेत रहनुपर्दछ ।

४. आन्तरिक लेखापरीक्षण गर्दा कुनै व्यक्ति, समूह, सङ्गठन अथवा कुनै खास कार्यक्रमको उद्देश्यका सम्बन्धमा पूर्वाग्रह हुन जाने खालका क्रियाकलापबाट आन्तरिक लेखापरीक्षक तटस्थ रहनुपर्दछ।

५. आन्तरिक लेखापरीक्षण गरिने निकाय वा सरोकारवालासँग प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा स्वार्थ गाँसिएको विषयले व्यावसायिक तथा पेशागत स्वतन्त्रतामा असर पर्न जाने हुँदा त्यस्ता कुनै पनि कार्यमा आन्तरिक लेखापरीक्षक संलग्न हुनुहुँदैन ।

६. कुनै प्रकारको दबाब, पक्षपात, पूर्वाग्रह, मोलाहिजा नराखी निष्पक्ष रुपले आन्तरिक लेखापरीक्षण कार्यसम्पन्न गर्नुपर्दछ ।

**(च) व्यावसायिक आचरण**

१. आन्तरिक लेखापरिक्षकले आफूलाई खटाइएको निकायको आन्तरिक लेखापरीक्षण गर्न इन्कार गर्नुहुँदैन ।

२. सरोकारवालाको दृष्टिमा आचरणमाथि प्रश्न नउठ्ने गरी आफ्नो व्यवहार, सीप र काम अभिव्यक्त गर्नुपर्दछ ।

३. लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउन सम्वन्धित निकायको सहयोगीको रूपमा रही लेखापरीक्षण कार्यमा इमानदारिता, निष्पक्षता तथा मैत्रीपूर्ण सेवाभावको प्रदर्शन गर्नुपर्दछ ।

४. पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सरकारी प्रतीक चिन्ह, छाप, पासवर्ड जस्ता विषयहरू सुरक्षित राख्नुपर्नेछ ।

५. कुनै पनि तथ्य वा तथ्याङ्कलाई जानीबुझी गलत वा भ्रामक अर्थ दिने गरी ब्याख्या, व्यक्त वा प्रयोग गर्नुहुँदैन ।

६. आफूलाई व्यक्तिगत फाईदा पुऱ्याउने वा अरूलाई बदनाम गर्ने वा अनावश्यक रूपमा अरूको चरित्र हत्या गर्ने जस्ता कार्यमा संलग्न हुनुहुँदैन ।

७. कर्तव्य पालनाको सिलसिलामा आइपरेका समस्याहरूको समाधान हुन नसकेमा तत्कालै सुपरिवेक्षक समक्ष पेस गर्नुपर्नेछ ।

८. आफूलाई तोकिएको कार्यजिम्मेवारी तोकिएकै समयमा सम्पन्न गर्नुपर्नेछ । आफूलाई प्राप्त जिम्मेवारी अरूलाई पन्छाउन तथा आफूलाई नभएको अधिकार प्रयोग गर्नुहुँदैन।

९. व्यावसायिक मूल्य मान्यताको अनुसरण गर्दै राजनैतिक रूपमा तटस्थ ढंगले लेखापरीक्षण कार्य सम्पन्न गर्नुपर्नेछ ।

१०. सामाजिक सञ्जालको प्रयोग मर्यादित तरिकाले मात्र गर्नुपर्नेछ ।

११. आन्तरिक लेखापरीक्षणको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट जारी कार्यविधि, निर्देशिका तथा निर्देशनको पूर्ण जानकारी राखी सोही अनुसार आफ्नो कर्तव्यको परिपालनामा प्रतिवद्ध रहनुपर्दछ ।

१२. लेखापरीक्षण गरिने निकायको प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुख वा दुवै जना नजिकको नातेदार रहेको र आफैले राखेको श्रेस्ता लेखापरीक्षण गर्ने कार्य गर्नुहुँदैन।

१३. उपखण्ड (१२) को अवस्था भएमा सोको जानकारी कोष प्रमुखलाई गराउनु पर्नेछ। यसरी जानकारी दिएको अवस्थामा कोष प्रमुखले सो निकायको लेखापरीक्षण गर्न अर्को कर्मचारी तोक्नु पर्नेछ ।

५. **निजामती कर्मचारी तथा राष्ट्रसेवकहरूको आचरणको पालनाः** आन्तरिक लेखापरीक्षकले निजामती कर्मचारी तथा राष्ट्रसेवकहरूले पालना गर्नुपर्ने प्रचलित कानूनमा उल्लिखित आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।

## परिच्छेद - ३
## विविध

६. **आचारसंहिता अनुगमनसम्बन्धी व्यवस्थाः** (१) आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण गर्दा पालना गर्नुपर्ने आचरणहरुहरुको पालना भए, नभएको सम्वन्धमा नियमित र निरन्तर सुपरीवेक्षण गर्ने दायित्व कोष प्रमुखको हुनेछ ।

(२) अनुगमन कार्यलाई प्रभावकारी बनाउन र आचारसंहिता पालना सम्बन्धी प्राप्त गुनासो उपर सुनुवाई गर्न देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (१) सह महालेखा नियन्त्रक, बजेट आन्तरिक लेखापरीक्षण सम्पत्ति तथा दायित्व व्यवस्थापन महाशाखा | संयोजक |
| (२) उप महालेखा नियन्त्रक, आन्तरिक लेखापरीक्षण शाखा | सदस्य |
| (३) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा | सदस्य |
| (४) अनुगमन गरिने जिल्लाको कोष प्रमुख, | सदस्य |
| (५) लेखा अधिकृत, आन्तरिक लेखापरीक्षण शाखा | सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिमा कोष प्रमुख समेतको संलग्नता रहेको गुनासो उपर सुनुवाई गर्न कोष प्रमुख सदस्य रहने छैन ।

(४) महालेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले अनुगमन समितिको सचिवालयको काम गर्नेछ ।

७. **आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा अनुगमन तथा नियमन गर्ने ।

(ख) आचारसंहिता पालना गराउन आवश्यकता अनुसार तालिम र अन्तर्क्रिया गर्ने।

(ग) अनुगमनको क्रममा आचारसंहिताको उल्लङ्घन गरेको पाइएमा सुधारको लागि निर्देशन दिने।

(घ) आचारसंहिता पालना सम्बन्धी गुनासो सम्बन्धमा छानबिन गरी सुधारको लागि निर्देशन दिने ।

(ङ) आचारसंहिताको गम्भीर उल्लङ्घन भएको पाइएमा कारण सहित कारवाहीको लागि महालेखा नियन्त्रक समक्ष सिफारिस गर्ने।

(२) अनुगमन तथा छानविन गर्ने प्रयोजनका लागि समितिले सम्बन्धित आन्तरिक लेखापरीक्षक, सम्बन्धित कोष प्रमुख तथा आन्तरिक लेखापरीक्षण गरिएका निकायबाट आवश्यक सूचना, विवरण, कागजात माग गर्न सक्नेछ ।यसरी माग भएका सूचना, विवरण, कागजात समितिलाई उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तब्य हुनेछ ।

(३) समितिले अनुगमन तथा छानविन कार्य गर्न आवश्यक प्रक्रिया आफैंले निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिमको अनुगमन तथा छानविनको क्रममा आचारसंहिताको उलंङ्घन गरेको पाइएमा अन्तिम कारवाहीको टुंगो नलागुन्जेलसम्म निजलाई कुनै पनि निकायको आन्तरिक लेखापरीक्षण गर्न नपाउने गरी निर्णयको लागि महालेखा नियन्त्रक समक्ष सिफारिश गर्न सक्नेछ ।

(५) समितिले आचारसंहिताको पालनाको सम्बन्धमा अनुगमन तथा छानविन गरी महालेखा नियन्त्रक समक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ ।

८. **<u>आचरण विपरितको कार्य नमानिने:</u>** प्रचलित कानूनको अधिनमा रही देहाय बमोजिमको कार्यलाई आन्तरिक लेखापरीक्षणको आचरण विपरीतको कार्य मानिने छैनः

(क) आफ्नो विशेषज्ञताको विषयमा लिखित वा मौखिक परामर्श वा प्रवचन दिने वा अध्ययन अनुसन्धान गर्ने र अधिकारप्राप्त अधिकारीको स्वीकृति लिई अध्यापन कार्य गर्न,

(ख) कार्यालयको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी साहित्य, कला, संस्कृति, खेलकुद, ज्ञान विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवम् सामाजिक संस्थाहरूमा सदस्य हुन र त्यस्ता मञ्चहरूमा सहभागी हुन,

(ग) सरकारको नीति, उद्देश्य तथा कामकारवाही तथा यस आचारसंहितामा उल्लिखित विषयमा प्रतिकूल असर नपर्ने गरी लेख, रचना प्रकाशित गर्न,

(घ) सरकारी काम वा आफ्नो विशेषज्ञता हासिल गर्ने प्रयोजनको लागि सामाजिक सञ्जालको प्रयोग गर्न ।

९. **<u>संशोधन गर्न सकिने:</u>** यस आचारसंहितामा आवश्यकता अनुसार महालेखा नियन्त्रक कार्यालयले संशोधन गर्न सक्नेछ ।